आज मिति २०८०।०३।०७ गते बिहान ७:३० बजे बाफीकोट गाउँकार्य पालिकाको नियमित बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीज्यू अध्यक्षतामा र तपसिलको उपस्थितीमा बैठक बसी देहाय अनुसार निर्णय गरियो।

उपस्थिती:

१. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. प्रवक्ता श्री प्रकाश हायमाली
४. वडा अध्यक्ष वडा नं. १ श्री चिरञ्जीवी पोखरेल
५. " " " २ श्री ओम प्रसाद पोखरेल
६. " " " ३ श्री नारायण बहादुर के.सी.
७. " " " ४ श्री हेम बहादुर कार्की
८. " " " ५ श्री मन बहादुर अर्याल
९. " " " ६ श्री धन बहादुर कुँवर
१०. " " " ७ श्री पुरा बहादुर डाँगी
११. कार्यपालिका सदस्य श्री मिना राना
१२. " " श्री सुजना खनाल (अर्याल)
१३. " " श्री गोमा थापा
१४. " " श्री शर्मिला नेपाली
१५. " " श्री गीता कौशल
१६. " " श्री सुनिल बाल्याल
१७ सदस्य सचिव श्री मदन ज्ञवाली
१८ आमन्त्रित श्री खेम लाल महराई

प्रस्तावहरु

१. रिब्दीकोट खानेपानि आयोजना सम्बन्धमा,

२. अस्पताल निर्माण सम्बन्धमा,

३. स्थानीय विपद तथा जलबायु उत्थानशिल योजना सम्बन्धमा,

४. उधोग स्थापना सम्बन्धमा,

५. योजना माग सम्बन्धमा,

६. रिब्दीकोट दरवार क्षेत्र उत्खनन सम्बन्धमा,

७. कार्यविधि सम्बन्धमा,

८. अनुदान वितरण सम्बन्धमा,

९. लागत साझेदारी सम्बन्धमा,

१०. विविध।

**निर्णयहरु :**

१. रिब्दीकोट खानेपानी योजनाको डी.पी.आर. तयार गरी सह-लागानीमा योजना कार्यन्वयन गरिदिन खानेपानी तथा ढल व्यवस्था विभाग, सह-लगानी आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो।

२. यस गाउँपालिका अन्तर्गत वडा नं. ३ खस्यौलिमा नेपाल सरकारबाट स्वीकृत १० बेडको अस्पताल निर्माण गर्न विनियोजित बजेट माग गर्ने निर्णय गरियो।

३. कारितास नेपालको सहयोगमा तयार भएको विपद तथा जलबायु उत्थानशील योजना पारित गर्ने निर्णय गरियो।

४. उद्योग स्थापनाको लागिं प्रस्तावना पत्र आव्हान गर्ने र बुद्ध संगम हेल्थ केयर संग सम्झौता गर्ने निर्णय गरियो।

५. तपसिलका योजनाहरु संचालन गर्न सडक बोर्ड नेपाल संग माग गर्ने निर्णय गरियो :

(क) राधाकृष्ण मन्दिर देखि शान्तिचौर वडा कार्यालय सम्मको मोटर बाटो,

(ख) सैंटोला देखि मैनादी सम्मको कृषि सडक ,

(ग) सृजना फर्म देखि औधोगिक ग्राम सम्मको मोटर बाटो,

(घ) बगाले पधेरा - सोमहर मोटर बाटो।

६. रिब्दीकोट दरबार क्षेत्र उत्खनन् गरी पुनर्निर्माण गरिदिन पुरातत्व विभागलाई अनुरोध गर्ने निर्णय गरियो।

७. कार्यविधिहरु माथि थप छलफल गरी आगामी बैठकमा पारित गर्ने निर्णय गरियो।

८. सबै वडाबाट वितरण गरिने अनुदानमा एकरुपता कायम गर्ने निर्णय गरियो।

९. लागत साझेदारी कार्यक्रमको लागि आसय पत्र पेश गर्ने आसयपत्रदताहरु मध्ये तपसिलका आसयपत्रदाताहरु संग प्रस्तावना पत्र माग गर्ने निर्णय गरियो।

(क) श्री दायित्व

(ख) श्री हेफर प्रोजेक्ट नेपाल जेभि आर्थिक विकास संघ रेड

(ग) इन्द्रेणी समाज केन्द्र नेपाल

CamScanner

१०. विविध :

(क) रिब्दीकोट गाउँपालिकाको विपद अनुगमन समितिको मिति २०८०/०५/३१ को बैठकको निर्णय अनुमोदन गरियो।

(ख) रिब्दीकोट गाउँशिक्षा समितिको मिति २०८०/०५/२७ गतेको बैठकको निर्णय अनुमोदन गरियो।

(ग) यस गाउँपालिका अन्तर्गत वडा नं. ७ मा निर्माणाधीन बडाखोर खेल मैदान क्षेत्र सार्वजनिक रहेको र उक्त जग्गामा कसैको पनि कुनै दाबी विरोध नरहेको निर्णय गरियो।

(घ) हार्थोक बतासे मोटर बाटोमा खाल्डा खुल्डी परी सवारी आवागमनमा कठिनाई परेकोले पालिकाले ग्राभेल र इन्धन उपलब्ध गराउने गरी प्रयोग भएका टिप्पर र डोजरमा खपत भएको इन्धन बापतको रकम तथा भाडामा प्रयोग गरिएका अन्य टिप्पर र डोजरको भाडा रकम भुक्तानी गर्ने निर्णय गरियो।

(ङ) यस गाउँपालिकाको लागि एम्बुलेन्स अति आवश्यक भएकोले काठमाडौं महानगरपालिकाद्वारा एम्बुलेन्स माग गर्ने सम्बन्धी मिति २०८०/०६/०४ मा प्रकाशित सार्वजनिक सूचना अनुसार एम्बुलेन्स माग गर्न तोकिए बमोजिमका विवरण सहित निवेदन पेश गर्ने निर्णय गरियो।

CS CamScanner